पञ्चदेवल विनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विनायक, अछाम
सुदूरपश्चिम प्रदेश नेपाल

प.सं.०७८/०७९
च.नं. :

मिति : २०७८/१०/०५

आलु बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) सञ्चालन हुने बारे सूचना ।।
प्रथम पटक प्रकाशित : मिति २०७८/१०/०५

पञ्चदेवल विनायक नगरपालिका कृषि विकास शाखाको आर्थिक वर्ष २०७८/०७९ को प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजना अन्तर्गत यस नगरपालिका भित्रका वडाहरुमा बर्षे आलु बालीको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालन हुने भएकोले यस नगरपालिकाभित्रका आलु खेती गर्ने ईच्छुक समुह/कृषि सहकारी/कृषि फर्म, कम्पनीहरुले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन ( मिति २०७८/१०/१२) कार्यालय समय भित्र यस नगरपालिका कृषि विकास शाखामा तपसिल बमोजिमका कागजात सहित निवेदन पेश गर्नहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ । साथै रीत नपुगेका वा म्याद नाधि प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गरिन्छ ।

**कार्यक्रम सञ्चालनका आधारहरु**

१. बालि : बर्षे आलु, २. क्षेत्रफल : १४० रोपनी ।

**निवेदनका साथ सञ्चालन गर्नुपर्ने कागजातहरु ।**

१. कृषक समुह/ सहकारी संस्थाको कार्यसमिति बैठकको निर्णय प्रतिलिपि ।
२. कृषक समूह/ कृषि सहकारी/ कृषि फर्मका सम्पूर्ण सदस्यहरुको नागरिकताको प्रमाण पत्रको प्रतिलिपि ।
३. कृषक समुह/ कृषि सहकारी/ कृषि फर्म दर्ता तथा नविकरणको प्रमाण पत्रको प्रतिलिपि ।
४. सहकारीको हकमा गत आ.ब.को लेखा परीक्षण प्रतिवेदनको प्रतिलिपि ।
५. समुह, सहकारीले माग गरेको अनुदानको निर्णयको प्रतिलिपि ।
६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
७. कार्यक्रम सञ्चालन हुने स्थान जग्गा जमिनको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि जग्गा भाडामा लिई खेति गर्ने भए ५ वर्षको सम्झौता ।
८. प्रधानमनीत्र कृषि आधुनिकरण परियोजना कार्यान्वयन म्यानुअलको अनुसूचि १० अनुसार फारम भरि पेश गर्नुपर्ने छ ।
९. कृषक समुह, सहकारी तथा समितिका सदस्यहरुले लगाउने बालि र क्षेत्रफल सहितको नामावलि ।

.........................
प्रमुख प्रशासकीय अधिकृत
नि.प्रबहादुर माझी

(थप जानकारीको लागि : ९८४८५२६७५० / ९८४८४७८३४३ / ९८६०३६३२४२ / ९८६८९०५००५ मा सम्पर्क गर्न हुन ।)